# ताादी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

## अन्तिम प्रतिवेदन

## गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट, प्रदेश नं ३

२०७६

# तादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**खरानीटार, नुवाकोट**

**३ नं. प्रदेश, नेपाल**



## मन्तव्य

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर प्राकृतिक श्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले परिचालन गर्न सकिएको छैन ।

गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा सहयोग पुग्ने प्रमुख उद्देश्यका साथ कर तथा राजस्वका बारेमा आम जनमानसमा व्यापक प्रचार प्रसार गरी कर राजस्वको दायरा बढाउँदै यसमा उल्लेख्य सुधार गर्ने अभिप्रायले यस गाउँपालिकाको अनुरोधमा युके एडको सहयोगमा सञ्चालित पूर्णिमा कार्यक्रमसँगको सहकार्यमा यो राजस्व सुधार कार्य योजना तयार गरिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारकालागि समस्या तथा अवसरहरूको पहिचान समेत गरी तयार गर्ने प्रयास गरिएको छ ।

स्थानीय सरकारको दीगो आर्थिक श्रोतको रुपमा रहेको आन्तरिक आय जसबाट हामीले जनताका अधिकांश आकांक्षालाई पूरा गर्न सक्छौं । प्रस्तुत राजस्व सुधार कार्य योजनाको कार्यान्वयनका लागि म सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्न चाहन्छु साथै प्राप्त आन्तरिक आय पारदर्शी र समुचित रुपमा खर्च गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु । अन्त्यमा, यो कार्य योजना तयार गर्नमा आर्थिक सहयोग पुऱ्याउने *पूर्णिमा (भूकम्प पश्चात्को पुनर्लाभमा बेलायती सहयोग नियोगको सहयोग)* कार्यक्रम, गाउँपालिकामा उपस्थित भई प्राविधिक सहयोग पुऱ्याउने *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि.का* प्राविधिक टोली, कार्य योजना तयारीमा सहभागी जनप्रतिनिधिज्यूहरु र कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

२०७६ असार ।

(नारायणप्रसाद पाण्डे)

अध्यक्ष

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ १**
१.१ प्रतिवेदनको बारेमा........ १
१.२ राजस्व सुधार योजनाको औचित्य........ १
१.३ कार्यक्रमको उद्देश्य........ २
१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ........ २
*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन........ २*
*१.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास ........ २*
*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम........ २*
*१.४.४ तथ्याङ्क/सूचना संकलन........ ६*
*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी........ ६*
*१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश........ ७*
*१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना........ ७*
*१.४.८ प्रतिवेदनको अन्तिम रुप........ ७*
१.५ अध्ययनको सीमा ........ ७
**परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय ........ ९**
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ९
२.२ राजश्व शाखाको अवस्था........ ११
२.३ गाउँपालिकाको भौतिक सम्पत्ति........ १२
**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता........ १३**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १३
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था........ १६
३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण........ १८
*३.३.१ कर राजस्व........ १८*
*३.३.२ गैर कर राजस्व........ २०*
**परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ २५**
४.१ राजस्व परिचालन सम्बन्धी नीति ........ २५
४.२ विगतको आय परिचालनको अवस्था ........ २६
४.३ गाउँपालिकाको आन्तरिक आयमा योगदान ........ २६
४.१ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता........ २७
४.५. राजस्व परिचालनमा रहेका सवालहरू ........ २७
**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना ........ २९**
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना........ २९
**परिच्छेद – छ : आगामी ३ वर्षको आय प्रक्षेपण ........ ३२**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ३२
६.२ गाउँपालिकाको आगामी ३ आर्थिक बर्षको आन्तरिक आयको प्रक्षेपण........ ३३

**परिच्छेद – सात : निष्कर्ष तथा सुझाव ........ ३८**

७.१ निष्कर्ष तथा सुझाव ........ ३८

७.२ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन ........ ३८

**अनुसूचीहरू........ ४०**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ........ ४१

अनुसूची २ : तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची........ ४२

अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण........ ५३

अनुसुची ४ : मस्यौदा प्रतिवेदनको प्रस्तुती तथा छलफल कार्यक्रमको उपस्थिति विवरण........ ५६

## तालिका सूची

तालिका १: गाउँपालिकाका कर्मचारीह□को विवरण........................................................११
तालिका २: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था.............................१६
तालिका ३: घरजग्गा करको सम्भाव्यता विवरण...........................................................१९
तालिका ४: ढुगा गिँ ी तथा वालूवा बिक्री सम्बन्धी विवरण..........................................२०
तालिका ५: राजस्व परामर्श समिति.........................................................................२५
तालिका ६: गाउँपालिकाको आय संकलनको अवस्था *(रु '०००)*............................................२६
तालिका ७: गाउँपालिकाको आन्तरिक आयमा योगदान *(रु '०००)*.........................................२७
तालिका ८: राजस्व सूधार कार्ययोजना......................................................................२९
तालिका ९: राजस्व सूधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारह□.......................३२
तालिका १०: चालू आ.ब.को अनूमान तथा आगामी ३ बर्षको आय प्रक्षेपण (रु '०००)............३४
तालिका ११: प्रक्षेपित आय संरचना..........................................................................३८

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन प्रदेश नं ३ अन्तर्गत नुवाकोट जिल्लाको तादी गाउँपालिकाले पूर्णिमा : भूकम्प पश्चात्को पुर्नर्लाभमा वेलायती सहयोग नियोगको सहयोग कार्यक्रमको आर्थिक सहयोग तथा एस.डी.आई.सी.को प्राविधिक सहयोगमा तयार गरेको हो । यो प्रतिवेदनमा तादी गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सो का आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । यस प्रतिवेदनमा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागि तादी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस योजना तर्जुमा गर्दा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारकालागि समस्या तथा अवसरहरूको पहिचान गरिएको छ ।

## १.३ कार्यक्रमको उद्देश्य

तादी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनकालागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य मुख्य सामग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

### *१.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम*

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि एसडिआइसीबाट खटिएको परामर्शदाताको टोली २०७५ फागुन १ गते तादी गाउँपालिकाको खरानीटार बजार पुगी गाउँपालिकाका अध्यक्षसंग प्रारम्भिक भेटघाट गरेको थियो । सो छलफलमा अर्को दिनको कार्यक्रमको ढाँचा, कार्यक्रमकालागि लाग्ने समय र हासिल गर्न खोजिएको उपलब्धीहरूका विषयमा छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्बन्धमा गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नकालागि २०७५ फागुन २ गते एक दिने अभिमुखीकरण कार्यक्रम तथा

राजश्व सुधार कार्ययोजना कार्यशालाको आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन कार्यक्रमको अध्यक्षता गाउँपालिकाका उपाध्यक्ष तथा राजश्व परामर्श समितिका संयोजक श्री इश्वरी उप्रेतीले गर्नुभएको थियो । कार्यक्रम सञ्चालन सुचना अधिकारी श्री विरोचन खनालले गर्नु भएको थियो ।



उद्घाटन कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत श्री अशोक विष्टले सहभागीहरूलाई स्वागत गर्नु भएको थियो । स्वागत मन्तव्यको अवसरमा यो कार्यक्रम पूर्णिमा कार्यक्रमसंगको छलफलबाट आयोजना गरिएको बताउनु भएको थियो । राजश्व परामर्श समितिलाई क्रियाशिल बनाई गाउँपालिकाको स्रोत अनुमान गरी अगाडि बढ्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो । गाउँपालिकाको आन्तरिक आय राम्रो भएमा मात्र गाउँपालिकालाई सुदृढ बनाउन सकिने धारणा व्यक्त गर्नु भएको थियो । राजश्व वृद्धिकालागि यो कार्यक्रम प्रभावकारी हुने बताउनु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री नारायण प्रसाद पाण्डेले राजश्व सम्बन्धी अभिमुखीकरण अध्यक्ष तथा उपाध्यक्षले संघिय सरकार तथा प्रदेश सरकारले दिएका कार्यक्रमबाट प्राप्त भएको र वडा अध्यक्ष तथा वडा सचिवहरूकालागि यो कार्यक्रम महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभएको थियो । यस कार्यक्रमले गाउँपालिकाले आगामी दिनमा राजस्व परिचालनमा प्रभावकारी उपायहरूको पहिचान हुने र हालसम्म आएका समस्या तथा अस्पष्टतामा हट्ने विश्वास व्यक्त गर्नुभएको थियो । स्थानीयस्तरबाट उठाइएका करबाट स्थानीयबासी नै लाभान्वित हुने बताउँदै जनतालाई मर्का नपर्ने गरी कर संकलन गर्नुपर्ने बताउनु भएको थियो । राजश्व कसरी वृद्धि गर्न सकिन्छ भन्ने विषयमा गाउँपालिकामा छलफल भइरहेको बेला यो कार्यक्रमले सहयोग पुग्ने बताउनु भएको थियो ।

उद्घाटनपश्चात् संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका स्रोत परिचालन समन्वय शाखामा कार्यरत उप सचिव श्री विष्णु दत्त गौतम तथा परामर्शदाताहरू श्री दामोदर गिरी र सुरेन्द्र वाग्लेले सहजीकरण गर्नु भएको थियो । सहजकर्ता श्री दामोदर गिरीले कार्यक्रमको उद्देश्य तथा राजश्व सुधार कार्ययोजनाले समेट्ने विषयवस्तुहरूमा प्रकास पार्नु भएको थियो । यस अवसरमा गाउँपालिकाले वर्तमान अवस्थामा कुन कुन कर तथा गैर करका शिर्षकहरू अन्तर्गत आन्तरिक आय संकलन गरिरहेको छ भनी छलफल गर्दै टिपोट गरिएको थियो । तत्पश्चात आय संकलनमा भोगेका समस्याहरू तथा गाउँपालिकाले हालसम्म संकलन नगरेको तर आफ्नो अधिकार क्षेत्र भित्र परेका राजश्वका शिर्षकहरू मेटाकार्डमार्फत संकलन गरिएको थियो ।

**हाल संकलन भइरहेका आयका स्रोतहरू**

- नदिजन्य पदार्थ गाउँपालिकास्तरबाट
- वडास्तरबाट मालपोत
- गाउँपालिकास्तरबाट व्यवसाय कर
- गाउँपालिकास्तरबाट परिक्षा शुल्क
- गाउँपालिकास्तरबाट टेण्डर फर्म बिक्री
- गाउँपालिकास्तरबाट नक्सापास दस्तुर
- गाउँपालिकास्तरबाट घर बहाल कर



**आय संकलनमा भोगेका समस्याहरू**

- राजश्व संकलनकालागि गाउँपालिकामा आवश्यक कर्मचारीको अभाव
- करदातामा करदाता शिक्षा सञ्चालनमा ल्याउन नसकिएको
- मालपोत बढी भयो भन्ने गुनासो भएको
- जनशक्ति अभाव, आय संकलन प्रक्रिया वैज्ञानिक र समय सापेक्ष नरहेको
- व्यवसाय दर्ता गर्दा हुने फाइदा देखाउन नसकिएको
- राजश्वका शिर्षक अनुसारका दर निर्धारण नभएको
- आय संकलनको स्रोत पहिचान गरि नसकिएको
- सफ्टवेयर प्रणालीबाट संकलन नगरिएको
- राजश्वका दर निर्धारण सबै शिर्षकहरूमा नगरिएको
- व्यवसायीहरूको एकिन तथ्याङ्क नहुनु
- कानुनको अभाव
- इच्छा शक्तिको अभाव



- नदिजन्य पदार्थमा राजश्व संकलन गर्ने नीति, नियम प्रष्ट नभएको
- राजश्व संकलनमा नागरिकहरू प्रति नकारात्मक धारणा भएको(जस्तै : राजश्व संकलन गरी भ्रष्टाचार गर्छ भन्ने धारणा भएको)
- वडा कार्यालयहरूमा जति मात्रामा राजश्व संकलन हुन्छ त्यति मात्रामा बैंकमा दाखिला नभएको
- राजश्व संकलन गाउँकै विकासकालागि हो भन्ने जानकारी गराउन नसक्नु
- संकलन गरेको राजश्व बैङ्कमा जम्मा गर्न भौगोलिक विकटताले गर्दा कठिनाई भएको

**आय संकलनका नयाँ क्षेत्रहरू**

- ढुङ्गा खानी सञ्चालन गरी गाउँपालिकाको आम्दानी बढाउन सकिने
- जडिबुटी निकासीमा व्यवसाय कर लगाउन सकिने ।
- व्यापारिक प्रयोजनकालागि बनेका घरहरूको घर बहाल कर व्यवस्थित गर्ने
- पर्यटन पूर्वाधारको निर्माण गरी शुल्क लगाउने
- सम्पत्ति कर लागु गर्ने
- नदि जन्य पदार्थको बिक्री

राजश्व संकलनमा भोगेका समस्या तथा नयाँ क्षेत्रको संभावनाको विश्लेषणपश्चात उप सचिव श्री विष्णु दत्त गौतमले स्थानीय सरकारको राजश्व अधिकारमाथि प्रकास पार्दै करका आधारहरू, राजश्व अधिकार सम्वन्धी संवैधानिक व्यवस्था सम्बन्धी जानकारी गराउनु भएको थियो । यस शेसनमा राजश्व के हो ? कुन कुन

शिर्षकहरू स्थानीय तहले राजश्व संकलन गर्न पाउँछ, कुन कुनमा पाउँदैन, राजश्व संकलन कसरी गर्नुपर्दछ, साझा अधिकार भएका शिर्षकमा कसरी बाँडफाँड हुँन्छ भन्ने विषयमा प्रकास पार्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा श्री सुरेन्द्र बाग्लेले राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशालाको ढाँचा प्रस्तुत गरी सहभागीहरूलाई ४ समूहमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको थियो । दोस्रो चरणको कार्यक्रम गाउँपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्ने विषयमा केन्द्रित गरिएको थियो । राजस्व सुधारकालागि गर्नुपर्ने क्रियाकलापहरूको पहिचान गर्न सहभागीहरूलाई तपशिलमा उल्लेखित चार समूहमा विभाजन गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो :

**समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण**

**समूह २ : कर राजस्व सुधार योजना**

**समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)**

**समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)**

सहजकर्ताद्वारा छलफल कार्यक्रमलाई निष्कर्षमा पुचाउन आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताबाट समूह कार्यको निष्कर्ष प्रस्तुत गराई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि ब्राउन पेपर उपयोगमा ल्याइएको थियो ।

| **समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण** | **समूह २ : कर राजस्व सुधार योजना** |
|---|---|
|  |  |
| **प्रस्तुतकर्ताः श्री सावित्रा बराम कार्यपालिका सदस्य** | **प्रस्तुतकर्ताः वडाध्यक्ष मनोज कुमार उप्रेती वडाध्यक्ष वडा नं ३** |
| **समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)** | **समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)** |
|  |  |
| **प्रस्तुतकर्ता : श्री नारायण प्रसाद पाण्डे अध्यक्ष** | **प्रस्तुतकर्ता : प्रमुख प्रशासकिय अधिकृत श्री अशोक विष्ट** |

कार्यक्रमको समापनका अवसरमा DFID का श्री बाबुराम फ्यूवाले देश करबाट चलेको हुन्छ । यो कार्यक्रमकोलागि आएको आर्थिक सहयोग पनि बेलायती जनताले दिएको करबाट आएको कुरा स्पष्ट पार्नुभएको थियो । राजश्व प्रशासन सुधारकालागि प्रमुख प्रशासकिय अधिकृत श्री अशोक विष्टले प्रस्तुत गर्नुभएको योजना कार्यान्वयन गर्नकालागि आवश्यक परेको खण्डमा बेलायती सहयोग नियोग सहयोग गर्न तयार रहेको जानकारी

गराउनु भएको थियो । यस कार्यशाला फलदायी भएको प्रतिक्रिया दिँदै यसको कार्यान्वयनमा सबैले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

यस अवसारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उप सचिव श्री विष्णु दत्त गौतमले हालको अवस्थासम्म गाउँपालिकालाई संघिय सरकार तथा प्रदेश सरकारले अनुदान दिएको पैसा कहाँ खर्च गर्ने भन्ने विषयमा मात्र चिन्तन हुने गरेकोमा यस कार्यक्रममा राजश्व संकलन कसरी गर्ने भन्ने विषयमा छलफल भएकोमा खुशी व्यक्त गर्नुभएको थियो । हालसम्म गाउँपालिकाले खर्चको मात्र योजना बनाएको छ अब आइन्दा आम्दानी कसरी गर्ने भन्ने पनि योजना बनाउनु पर्ने धारणा व्यक्त गर्नुभएको थियो । योजना छनौट गर्दा जनताको आयस्तर वृद्धि गर्ने खालका योजना छनौट गर्नु पर्ने जसले गर्दा गाउँपलिकाको आय वृद्धि हुनलाई सहयोग पुगोस भन्ने धारणा व्यक्त गर्नु भएको थियो । वडास्तरमा जनतालाई सेवा, करदाता शिक्षा तथा व्यवसाय दर्ता जस्ता विषयहरू एकिकृत रुपमा सञ्चालन गरेमा प्रभावकारी हुने धारणा व्यक्त गर्नुभएको थियो । यस राजश्व सुधार योजना तर्जुमामा आर्थिक सहयोग गर्ने मोटम्याक्डोनाल्ड र प्राविधिक सहयोग गर्ने SDIC लाई धन्यवाद दिँदै आफ्नो मन्तव्य अन्त्य गर्नुभएको थियो ।

समापन कार्यक्रमको अन्त्यमा  अत्यन्तै उपयोगी भएको बताउँदै समापनका अवसरमा गाउँपालिकाका अध्यक्ष श्री नारायण प्रसाद पाण्डेले राजश्व सुधार कार्ययोजनाको बारेमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले धेरै पटक जानकारी प्राप्त भएको तर वडा तहसम्म यस्ता कार्यक्रम पुग्न सकेको थिएन । यस कार्यक्रमले वडास्तरसम्म राजश्वको बारेमा जानकारी प्रदान गरेको छ । विगतमा करका विषयमा धेरै टिका टिप्पणी भएका थिए ती सबै कुराहरू आज छलङ्ग भएको छ । राजश्व सुधार कार्ययोजनामा उठाइएका क्रियाकलापहरू सञ्चालन गर्न गाउँपालिकामा कर्मचारीको अभाव छ । कर्मचारीको समायोजन पश्चात कर्मचारीको पद पूर्ति हुने आशा व्यक्त गर्दै यो नभएमा गाउँपालिकास्तरबाट पदपूर्ति गरी अगाडि बढ्ने धारणा व्यक्त गर्नुभएको थियो । क्षमतामा आधारित रहेर कर निर्धारण गर्ने प्रतिवद्धता व्यक्त गर्दै आवश्यक कानुन बनाउन मोटम्याक्डोनाल्ड तथा यसडिआइसी लाई अनुरोध गर्नु भएको थियो ।

अन्त्यमा यस कार्यक्रममा सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । पहिलो चरणको कार्यशालाको कार्यक्रम तालिका यस कार्ययोजनाको **अनुसूची ३** र प्रारम्भिक कार्यशालाको उपस्थिति विवरण **अनुसूची ४** मा प्रस्तुत गरिएको छ ।

### *१.४.४ तथ्याङ्क/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सुचनाहरूलाई विभिन्न तथ्यांकिय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय सपक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो ।

### *१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

गाउँपालिकाको आयोजनामा २०७५ साल चैत्र १७ गते **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुती तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाका अध्यक्ष श्री नारायण प्रसाद पाण्डेको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, उद्योग वाणिज्य संघका संयोजक लगायत जम्मा १५ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रमको संचालन गाउँपालिकाका सुचना अधिकारी श्री विरोचन खनालले गर्नु भएको थियो । कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट श्री प्रेम दवाडी र सुरेन्द्र वाग्लेले शिर्षकगत रुपमा मस्यौदा प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तुहरू उपर विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । कार्यक्रमका अध्यक्ष श्री नारायण प्रसाद पाण्डेले यस योजनाले आगामी दिनमा आन्तरिक राजश्व अभिवृद्धि गर्न मद्दत गर्ने बताउनु भएको थियो । कार्यक्रममा सहभागीहरूको नामावली **अनुसूची ५** मा दिइएको छ ।



### *१.४.८ प्रतिवेदनको अन्तिम रुप*

कार्यकमका मुख्य सरोकारवाला पक्षहरूद्वारा मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाह प्राप्त भएको थियो । त्यसैगरी मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यकमबाट पनि विभिन्न सुझाव तथा सल्लाहहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको हो ।

## १.५ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग सम्बन्धित प्रत्यक्ष तथा अप्रत्यक्ष पक्षहरूलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

**अवस्थितिः** तादी गाउँपालिका प्रदेश नं ३ अन्तर्गत नुवाकोट जिल्लाको करीब मध्य भागमा अवस्थित छ । यस गाउँपालिकाको कार्यालय साविकको खरानीटार गाविसमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा दुप्चेश्वर गाउँपालिका, पश्चिममा सूर्यगढी गाउँपालिका उत्तरमा रसुवा जिल्लाको नौकुण्ड गाउँपालिका, र दक्षिणमा पञ्चकन्या गाउँपालिका पर्दछन् । वडा नं १ को उत्तरी भागले लामटाङ्ग राष्ट्रिय निकुञ्जलाई छोएको छ । यस गाउँपालिकाको कार्यालयबाट सबै वडाहरूमा पुग्नका लागि कच्ची बाटोको निर्माण गरिएको छ । नुवाकोट जिल्लाको सदरमुकाम विदुरबाट २० कि.मी. पश्चिममा अवस्थित यो गाउँपालिका काठमाण्डौं उपत्यका देखि ५५ कि.मि. उत्तर अवस्थित रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल ६९.८ वर्ग कि.मी. रहेको छ ।

### गाउँपालिकाको गठन

यो गाउँपालिका नेपालको संविधान २०७२ भाग ५ मा व्यवस्था भए अनुसार राज्यको पूनसंरचना गर्ने क्रममा नयाँ स्थानीय तहको रूपमा घोषणा भई नेपाल राजपत्रमा प्रकाशित मिति २०७३ साल फागुन २७ गते बाट स्थानीय तहको रुपमा संचालनमा आएको हो । जम्मा ६ वटा वडामा विभाजित यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार ३५८२ घरधुरी र १७९२२ जनसंख्या रहेका छन ।

### गाउँपालिकाको नामाकरण

यस गाउँपालिकामा साविकका खरानीटार, रालुकादेवी, उर्लेनी, सुन्दरादेवी र नर्जामण्डव गाविसका सम्पूर्ण वडाहरू समावेश भएका छन । यस गाउँपालिकाको कार्यालय हालको वडा नं ३ स्थित खरानीटार (साविकको खरानीटार गाविसको कार्यालय)मा रहेको छ । प्रसिद्ध धार्मिक स्थल सूर्यकुण्डबाट बगेर आएको तादी खोलाले पञ्चकन्या गाउँपालिका र यस गाउँपालिकालाई छुट्याएर बगेको छ । यस गाउँपालिकाको वडा नं ४ मा ४.५ मेघावाटको आदिशक्ति हाइड्रोपावर निर्माण तथा खेतीयोग्य जमिनमा सिंचाईको सुविधा पनि उपलब्ध गराइएको छ । यही आर्थिक एवं धार्मिक महत्व बोकेको खोलाको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ ।

### भौतिक पूर्वाधारको अवस्था

यस गाउँपालिकाको क्षेत्र प्रमुख बस्तीहरूमा गैरीखर्क, गैरी गाउँ, बाहुनबेशी, चित्रे, बाङ्गेस्वारा, खरानीटार, काल्चे, डाँडागाउँ, बोरे, आतबारा, आले, प्रभुडाँडा, चिलाउने, रालुका मैदान, सातविसे, नौविसे, काउले, दाहालथोक, टुटुङ्ग, कटुञ्जे, डोटेल, बञ्चरे, उर्लेनी, छापथोक, दुगुर्नीचौर पर्दछन् । सबै वडामा राष्ट्रिय प्रशारणबाट विजुलीको पहुँच पुगेको यस गाउँपालिकामा भूकम्पको बेला विभिन्न संघ संस्थाहरूले सोलार वितरण गरेकाले सोलारको प्रयोग पनि गर्ने गरेको पाइन्छ । यस गाउँपालिकामा विभिन्न स्थानमा गरी १५ वटा झोलुङ्गे पुल र ३ वटा पक्की पुलहरू रहेका छन । सञ्चारको सन्दर्भमा कुरा गर्दा यस गाउँपलिकामा लाण्डलाइन टेलिफोनको सुविधा पुगेको छैन । नेपाल टेलिकमको CDMA, स्काई , नेपाल टेलिकम र एन सेलको मोबाइलको पहुँच सबै वडाहरूमा पुगेको छ । यस गाउँपालिकाको उच्च पहाडी क्षेत्रमा बिना एन्टेना टेलिभिजन प्रशारण हुने गर्दछ ।

### आर्थिक तथा सामाजिक अवस्था

यस गाउँपालिकाको क्षेत्र भित्र तादी खोलाबाट निकालिएको ४.५ मेघावाटको आदिशक्ति जल विद्युत आयोजना पर्दछ । यस गाउँपालिकाको सबै वडाहरूमा केन्द्रिय प्रशारणबाट विद्युतीकरण गरिएको छ । यस गाउँपालिकालाई सदरमुकाम विदुरदेखि ढिकुरे सातविसे हुँदै गोल्फुभञ्ज्याङ्ग जाने सडकले यस गाउँपालिकाका वडा नं. १ बाहेकका सबै वडाहरू छोएर गएको छ । जसले गाउँपालिकाका मुख्य व्यापारीक केन्द्रहरू खरानीटार, बाहुनबेशी, सातविसे,

नौबिसेलाई जोड्ने काम गर्दछ । यसका अतिरिक्त गाउँपालिका क्षेत्रभित्र वडा तथा वस्ती जोड्ने अन्य ग्राभेल तथा कच्चि सडकहरू रहेका छन् । वडा नं ४ स्थित सातविसेमा इलाका प्रशासन कार्यालयसमेत रहेको छ । यहाँबाट तादी गाउँपालिका, दुप्चेश्वर गाउँपालिका र पञ्चकन्या गाउँपालिकाको वडा नं १, २, ३ र ५ का जनतालाई फाइदा पुगेको छ । यस गाउँपालिकाको बढ्दो शहरिकरणको आवश्यकतालाई यी बजार केन्द्रहरूले विभिन्न मालासामान तथा सेवाहरू आपूर्ति गरिरहेका छन् । विशेषगरि खरानीटार र सातविसे क्षेत्र व्यापारिक केन्द्रको रुपमा विकसित हुदै गएका छन । स्तरीय होटल, हार्डवयर, इलेक्ट्रोनिक पसलहरू, रेडीमेड कपडा, बैक तथा वित्तिय संस्थाहरू, र अन्य पसलहरू समेतको संख्या वृद्धि भइरहेको छ ।

हालसम्म यस क्षेत्रमा राष्ट्रिय वाणिज्य बैक, कृषि विकास बैक, बैक तथा वित्तिय संस्थाहरूमा एनएमबि माइक्रोफाइनान्स, सामुदायिक लघु वित्तिय संस्था र ३९ वटा सहकारी संस्थाहरू रहेका छन । यस गाउँपालिकामा व्यवसायीहरूको एकिन तथ्याङ्क नभएपनि करीब ५०० व्यवसाय रहेको अनुमान गरिएकोछ ।

यस गाउँपालिकामा वसोवास गर्ने मुख्य जाति तामाङ्ग, ब्राह्मण, क्षेत्री नेवार लगायत अन्य मूख्य जातिहरूको रहेका छन् । यस गाएपालिका क्षेत्रको मुख्य आर्थिक क्रियाकलाप कृषिमा आधारित छ । यस बाहेकका आर्थिक क्रियाकलापमा ब्यापार व्यवसाय, सरकारी सेवा र अन्य सेवामुलक रोजगारी रहेका छन् । भुकम्पले घर भत्केर नयाँ घर बनाउने क्रममा बाहुनबेशी, खरानीटार, सातबिसे लगायतमा स्थानहरूमा आन्तरिक बसाई सर्दै आउने क्रम बढ्दै गएको र गाउँपालिकाले समेत पूर्वाधारहरूमा लगानी बढाउदै लगेकाले विस्तारै यस क्षेत्रको आर्थिक गतिविधि बढ्दै गईरहेको छ । आगामी दिनमा यस गाउँपालिका यस क्षेत्रकै एक महत्वपूर्ण आर्थिक केन्द्रको रुपमा स्थापित हुने सम्भावना देखिन्छ ।

**प्राकृतिक सम्पदा**

गाउँपालिकाको करिव ९.६ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ । कृषियोग्य जमिन ३७.७७ हेक्टर रहेको छ । पानीले ढाकेको क्षेत्र ०.२८ हेक्टर र चट्टानले ०.३४ हेक्टर जमिन ढाकेको छ । २१.८० हेक्टर जमिन अन्य क्षेत्रमा पर्दछ । यस गाउँपालिका भएर बग्ने खोलाहरूमा प्रमुख रुपमा तादी खोला पर्दछ । यस बाहेक अन्य साना साना खोलाहरूमा दोर्खु खोला, बाङ्गे खोला, राप्तुल खोला पर्दछन ।

**धार्मिक, साँस्कृतिक एवं पर्यटकीय सम्पदा**

यस गाउँपालिकाको नर्जामण्डप, सुन्दरा र रालुकामा कोटघरहरू रहेका छन् । यी कोटघरहरूमा दशैको नवमीका दिन मेला लाग्ने गर्दछ । यसै गरी खरानीटारको शिवालय मन्दिरमा कृष्ण अष्टमीको दिन मेला लाग्ने गर्दछ । यसै गरी काल्चेको कल्पेस्वरी महादेवको मन्दिरमा माघे सक्रान्तिको दिनमा पनि मेला लाग्ने गर्दछ । यस गाउँपालिकाको अन्य सास्कृतिक महत्वका बस्तुहरूमा नर्जामण्डपको बसला देवी, रालुकाको रालुकामाई, गणेश मन्दिर प्रमुख रुपमा रहेका छन् । वडा नं ४ मा अवस्थित बाघमारा, वडा नं १ को उर्लेनी पर्यटकीय संभावना बोकेका क्षेत्रहरू हुन ।

**गाउँपालिकाको मानवीय संसाधन**

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ बैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँपालिकाको कार्य संचालन भई आएको छ ।

तादी गाउँपालिकाले हालका लागि एक संगठन संरचना स्विकृत गरेको छ । स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, स्वास्थ्य र कृषि पशु तर्फका निकायहरू गरी जम्मा ७ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र ७ वटा वडा कार्यालयहरूमा विभाजन गरिएको छ । गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व इकाई गठन गरेको छ जसमा ना.सु. १ जना र खरिदार २ जना गरि जम्मा ३ जना कर्मचारीको दरबन्दी राखिएको छ ।।

तादी गाउँपालिकाले हालको अवस्थामा कर्मचारीको अभावमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको तपशिलमा उल्लेखित संगठन संरचना अनुसार कार्य सञ्चालन गर्न सकिएको छैन ।

**तादी गाउँपालिकाकालागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको संगठन संरचना**



हाल गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका १: गाउँपालिकाका कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | |
| २ | नायब सुब्बा | | २ | |
| ३ | लेखापाल | १ | १ | |
| ४ | इन्जिनियर | | | १ |
| ५ | सव इन्जिनियर/अ.सव इन्जिनियर | | १ | १ |
| ६ | नायब सुब्बास्तर | | | |
| ७ | कम्प्युटर अपरेटर | | | १ |
| ८ | वडा सचिव | | ४ | |
| ९ | कार्यालय सहयोगी | | | |
| **जम्मा** | | | | |

## २.२ राजश्व शाखाको अवस्था

यस गाउँपालिकामा राजश्व शाखा गठन गरिएको छैन । राजश्व शाखाको गठन नभएको यस गाउँपालिकामा राजश्व शाखाको काम कार्वाही आर्थिक प्रशासन शाखाले गर्दै आएको छ । वडास्तरबाट ६ वटै वडाबाट आन्तरिक आयको संकलन वडा सचिव मार्फत भइरहेको छ । मासिक रुपमा वडाबाट संकलन भएको रकमको अभिलेख गाउँपालिकामा राख्ने गरिएको छ । गाउँपालिकाबाट राजश्व संकलन गर्ने कार्य लेखापाल राजेश थापा तथा सह

लेखापाल पवनकुमार पाठक मार्फत हुँदै आएको छ । राजश्व संकलन कार्य डाटा वेश, सफ्टवयरका माध्यमबाट गर्न सकिएको छैन । राजश्व सम्बन्धी अन्य नीति तथा कार्यक्रमहरू पनि सञ्चालन गरिएका छैनन ।

## २.३ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिका कार्यालय साविकको खरानीटार गाविसको कार्यालयमा सञ्चालन गरिएको छ । गाउँपालिकाको भवन भवन निर्माणाधिन अवस्थामा रहेको छ । वडा नं १ को भवन आफ्नै भवनमा सञ्चालन गरिएको छ । वडा नं २, ३, र ५ कार्यालय भाडामा सञ्चालन गरिएको छ । वडा नं ४, ६ को वडा कार्यालय आफ्नै कार्यालयमा सञ्चालन गरिएको छ । गाउँपालिकाले नयाँ भवन निर्माण गरेर सर्दा यस भवनमा वडा नं ३ को वडा कार्यालय रहनेछ । यस कार्यालयमा बिजुली तथा इन्टरनेटको समेत व्यवस्था गरिएको छ । बेला बेलामा विद्युत आपूर्ति बन्द हुने समस्यालाई निराकरण गर्न गाउँपालिका कार्यालयमा इन्भटरको समेत व्यवस्था गरिएको छ । यस गाउँपालिकाको सबै वडाहरूमा फर्निचर, डेस्कटप कम्प्युटर, ल्यापटप, र सबै वडामा प्रिन्टरको समेत व्यवस्था गरिएको छ ।

# परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको राजश्वको दायरा , समस्या तथा चुनौतिहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई राजस्व सम्बन्धी तपशिलमा उल्लेखित अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

यसै गरी संघीय कानुनले (**स्थानीय सरकार संचालन ऐन, २०७४**) स्थानीय तहलाई आय संकलनकालागि तपशिलमा उल्लेखित अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा । (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा बाहेकको अन्य जग्गामा (आर्थिक विधेयक २०७५ बाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत

- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्यारागलाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**विक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी

- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व वाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विक्र् नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाब्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

**तालिका २: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | नभएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | नभएको | नभएको |
| **ख.** | **गैरकर** | | | |

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको (प्रदेश कानुन अनुशार दहत्तर बहत्तर शुल्कको रुपमा) | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | आर्थिक ऐनमा नभएको |
| ५ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | नभएको | नभएको |
| ८ | अस्पताल संचालन | छ | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १२ | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | नभएको | नभएको |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छ | नभएको | नभएको |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, तथा स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १७ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १८ | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ६ वटा शिर्षकहरूमा कर संकलन हुन सक्ने सम्भावना देखिन्छ । जसमध्ये गाउँपालिकाले हालसम्म ५ वटा शिर्षकहरूको करका दरहरू निर्धारण गरेता पनि मालपोत कर, घर जग्गा बहाल कर, व्यवसाय करको दर निर्धारण भई संकलन गरिरहेको छ । त्यसै गरी जडिबुटी, कवाडी र जीवजन्तु कर मध्ये कवाडी करको संभावना रहेतापनि दर निर्धारण तथा संकलन भएको छैन । गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शिर्षकहरू मध्ये १६ वटा शिर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । हालसम्म गाउँपालिकाले ६ वटा शिर्षकहरूमा राजश्व संकलन भएको छ । नक्सा पास दस्तुरको दर निर्धारण गरिएको तर आर्थिक ऐनमा यसको दर समावेश गरिएको छैन । ढुङ्गा, गिट्टी, वालुवाको शुल्क अमानत प्रक्रियाबाट गरिएको छ ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्था:** गाउँपालिकाले सम्पत्ति कर सम्बन्धी आर्थिक ऐन २०७५ मा उल्लेख गरेको छ । न्यूनतम रु २५ देखि अधिकतम रु ४५,००० सम्म करको दर निर्धारण गरी सम्पत्ति कर लगाउने निर्णय गरेता पनि चालु आ.व.मा यो कर कार्यान्वयनमा ल्याइएको छैन ।

**संभाव्यता:** गाउँपालिकाले सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी रहेको जग्गा र घर नभएको जग्गामा मालपोत लगाउने प्रावधान रहेको छ । गाउँपालिकामा करीब ४००० घरधुरी भएको अनुमान गरिएको छ । ती घर र घरले चर्चेको जग्गामा सम्पत्ति करको दर औषतमा रु ३०० कायम गर्दा रु १२,००,००० संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- सम्पत्ति कर तयारी समिति गठन गरी कर व्यवस्थापन कार्यविधि तयार पार्नुपर्ने
- टोलस्तरमा सम्पत्ति कर संम्बन्धी जानकारी गराउने
- करको दर पुनरावलोकन गरि परिमार्जन गर्ने र संकलनको लागि सफटवेयरको व्यवस्था गर्ने ।

**ख) मालपोत कर**

**हालको अवस्था:** आगामी आ.व. देखि सम्पत्ति कर लगाउने भएता पनि यो वर्षसम्म मालपोत कर नै संकलन गरिएको छ । गाउँपालिकाले बाटोको आधारमा जग्गाको क्षेत्रफल अनुशार प्रति रोपनी न्युनतम रु. २५ देखि अधिकत रु. २५० सम्म मालपोतको दर निर्धारण गरेको छ । चालु आ.व.को माघ मसान्तसम्म मालपोतबाट रु १,८२,२८३ संकलन भइसकेको छ ।

**सम्भाव्यता:** यस गाउँपालिकाको जम्मा घरधुरी संख्या ४००० भएको अनुमान गरिएको मा एउटै घरमा पनि एक भन्दा बढी सदस्यको नाममा जग्गा हुने र गाँउपालिका भन्दा बाहिरका व्यक्तिहरुको पनि जग्गा रहेको कुरालाई मध्ये नजर गदै मालपोतको लागि करदाता संख्या जम्मा ६,००० अनुमानित गरी औषत प्रति करदाता मालपो रु. २५० का दरले जम्मा रु १५ लाख संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** यस गाउँपालिकाको आन्तरिक आयको निकै महत्वपूर्ण स्रोत मालपोत कर भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ :

- सडक पहुँचको आधारम क्षेत्रफलमात्र नभएर मुल्यलार्य समेत हेरी प्रगतिशिल करको दर निर्धारण गर्ने ।
- वडा कार्यालयले असुल गर्ने मालपोतको अभिलेख नियमित रुपमा गाउँपालिकामा आउने व्यवस्था मिलाउने

- वार्षिक रुपमा कर सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- सम्पत्ति कर र मालपोत एकै पटक संकलन गर्न सक्ने व्यवस्था मिलाउने र उक्त कुरा आर्थिक ऐनमा समेत उल्लेख गर्ने ।

**ग) घरजग्गा बहाल कर**

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐन २०७५ मा घर बहालमा लगाउने घर धनीबाट बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । हालको अवस्थामा गाउँपालिकाबाट घर बहाल कर असुल गर्दै आएको भएता पनि घर बहालमा लगाउने सबै करदाताहरू करको दायरामा ल्याउन सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले बहाल कर बुझाउनु पर्ने बाध्यता भएकोले मात्र बहाल कर असुली कार्यको थालनी हुन लागेको देखिन्छ । चालु आ.व.को माघ मसान्तसम्म बहाल करबाट शुन्य रकम असुली भएको छ ।

**संभावना:** यस गाउँपालिका क्षेत्रभित्र बैक तथा वित्तिय संस्था लगायत क्याम्पस, प्राविधिक शिक्षालय, तथा ईलाका प्रशासन कार्यालय सञ्चालनमा रहेकाले बहालमा बस्नेको संख्या उल्लेख हुन सक्दछ । बजारीकरणसंगै पक्की घरहरूको निर्माण हुने क्रम बढिरहेको छ । यस क्षेत्रमा घर बहालमा दिनेको संख्या तथा अनुमानित आयको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ३: घरजग्गा करको सम्भाव्यता विवरण**

| क्र. सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** | **(ङ)** |
| | | **(क)** | अनुमानित | ख x १२ | क x ग | घ को १०% |
| १ | बैंक तथा वित्तिय संस्था | २० | १००० | १२००० | २४०,००० | २४,००० |
| २ | व्यापारिक प्रयोजनका लागि बस्नेहरु | १०० | २००० | २४००० | २,४००,००० | २४०,००० |
| ३ | घरयासी प्रयोजनमा बस्नेहरू | १०० | १००० | १२००० | १,२००,००० | १२०,००० |
| **जम्मा** | | **२२०** | **४०००** | **४८०००** | **३८४००००** | **३८४०००** |

**सुधारका पक्षहरू:**

- घर बहाल कर संकलनकोलागि कार्यविधि तयार पार्ने ।
- बहाल कर तथा व्यवसाय करको लागि संयुक्त रुपमा लगत तयार पार्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा यस क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । चालु आ.व.को माघ मसान्तसंम यस शिर्षकमा रु १,५६,००० आय संकलन भएको छ ।

**संभावना:** गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको किसिमअनुसारका संख्यासम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । हालसालै केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिकामा जम्मा ५६५ वटा व्यवसाय रहेका र १६३२ जना उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । उल्लेखित व्यवसायहरुबाट औषत रु ४०० का दरले संकलन हुँदा रु २२६,००० संकलन हुने देखिएको छ ।

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- उद्योग वाणिज्य संघको इकाइसंग समन्वय गरी व्यवसाय करको दरमा सहमति गर्ने ।
- उद्योग वाणिज्य संघ इकाई मार्फत व्यवसायीहरूको तथ्यांक संकलन गरी गाउँपालिकामा दर्ताकालागि पहल गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्न इजाजत पत्र लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।

### ङ) विज्ञापन कर

**हालको अवस्था:** गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार स्थानीय तहले संकलन गर्ने र प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

**संभावना:** गाउँपालिकाको आर्थिक ऐनमा विज्ञापन करको दर निर्धारण गरि १ लाख आय संकलन गर्ने लक्ष्य समेत लिएको भएता पनि चालु आ.व.को माघ मसान्तसम्म शुन्य रकम असुली भएकोले विज्ञापन करबाट रकम संकलन हुने स्थिति देखिदैन ।

## *३.३.२ गैर कर राजस्व*

### क) ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री

**हालको अवस्था:** यस गाउँपालिका हुँदै बग्ने तादी खोलाबाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई गाउँपालिका क्षेत्र तथा अन्यत्र समेत उपयोग हुने गरेको छ । गाउँपालिकाले आर्थिक ऐनमा बिक्रीको दर निर्धारण गरेको छैन तर हाल प्रदेश सरकारको कानुन बमोजिम प्रति घन फिट रु. ९ का दरले गाउँपालिकाले नदिजन्य पदार्थ अमानतबाट बिक्रि गरिरहेको छ । माघ मसान्तसम्म ढुङ्गा, गिट्टी तथा वालुवाको बिक्रीबाट रु २,८०,००० आय संकलन गरिसकेको छ । यी पदार्थको संकलन गरी बिक्री गर्नकालागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराईसकेको छ ।

**संभावना:** प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार यस गाउँपालिकाको तादी खोला अन्तर्गतका ढ्याङले बगर, साउमुने बगर, भोर्ले बगर, बुदुने बगर, दर्खु दोभान बगर, पोखरा बगर, डोटेल बेसी बगर तथा घट्टे खोला बगरबाट प्रति दिन करीब २२२.८४ घन मीटर नदिजन्य पदार्थ संकलन गर्न सकिने देखिएको छ । एक वर्षमा ९ महिना उत्खनन गर्न सकिने प्रावधान अनुसार वर्षमा (१ घन मिटर = ३५.३१४ घन फिट) नदिजन्य पदार्थ (२२२.८४* ३५.३१४*२७० ) ७८६९३७ घन फिट हन्छ । **१ घन फिटको प्रस्तावित औषत रु ६** को दरले बिक्री गर्दा यसबाट रु १,२७,४८,००० संकलन हुन सक्ने देखिन्छ ।

**तालिका ४: ढुगा गिँ ी तथा वालूवा बिक्री सम्बन्धी विवरण**

| सि .न | क्षेत्र | उत्खनन गरिने सामग्री | दैनिक संकलन योग्य परिमाण( घ.मि ) | दैनिक संकलन योग्य परिमाण( घ.फि. ) | वार्षिक परिमाण( घ.फि. ) | प्रति घ.फि. औषत मूल्य ( प्रस्तावित) | अनुमानित आम्दानी वार्षिक (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | तादी नदि बगर क्षेत्र | | | | | | |
| | ढ्याङ्ले | ढुंगा, बालुवा | ३९.४२ | १३९२.०८ | ३७५८६१.०३ | ६ | २२५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बगर | | | | | | |
| | साउमुने बगर | ढुंगा, गिट्टी, बालुवा | ११.१६ | ३९४.१० | १०६४०८.१४ | ६ | ६३८ |
| | भोर्ले बगर | बालुवा | १८.५४ | ६५४.७२ | १७६७७४.८२ | ६ | १०६१ |
| | बुदुने बगर | क बालुवा | ४७.३६ | १६७२.४७ | ४५१५६७.१८ | ६ | २७०९ |
| | | ख गिट्टी, बालुवा | २२.०८ | ७७९.७३ | २१०५२७.९४ | ६ | १२६३ |
| | दर्खु दोभान बगर | बालुवा | १९.२ | ६७८.०३ | १८३०६७.७८ | ६ | १०९८ |
| | पोखरा बगर | गिट्टी, बालुवा | ३७.९७ | १३४०.८७ | ३६२०३५.६० | ६ | २१७२ |
| | डोटेल बेसी बगर | गिट्टी, बालुवा | २४.२६ | ८५६.७२ | २३१३१३.७६ | ६ | १३८८ |
| २ | घट्टे खोला बगर १ | ढुंगा | १.२७ | ४४.८५ | १२१०९.१७ | ६ | ७३ |
| | घट्टे खोला बगर २ | ढुंगा | १.५८ | ५५.८० | १५०६४.९५ | ६ | ९० |
| **जम्मा** | | | **२२२.८** | **७८६९.३७** | **२१२४७३०.३८** | **६** | **१२७४८** |

स्रोत : प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५

**सुधारका पक्षहरू**

- ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रकृया अगाडि बढाउनु पूर्व गाउँसभाबाट बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा समावेश गर्नुपर्ने ।
- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले दिएको परिणाम अनुसार टेण्डर आव्हान गरी ठेक्का प्रक्रियाबाट राजश्व संकलन गर्नुपर्ने ।
- ठेक्का शर्त बेगर काम गरेमा हुन सक्ने दण्ड सजायको व्यवस्था ठेक्का करारनामा तथा आर्थिक ऐनमा उल्लेख गर्ने ।
- ठेक्कामा उल्लेखित शर्तअनुशार नदीजन्य स्रोतहरु संकलन तथा विक्री गरे नगरेको अनुगनम तथा मुल्यांकन गर्ने ।

**ख) व्यक्तिगत घटना दर्ता**

**हालको अवस्थाः** गाउँपालिकाले व्यक्तिगत घटना दर्ता शिर्षक अन्तर्गत दस्तुर संकलन गर्दै आएको छ । घटना दर्ता गर्दा ३५ दिन भित्र संकलन गर्न आएको खण्डमा निशुल्क गर्नु पर्ने व्यवस्था भएकोले ३५ दिन पछि दर्ता गर्दा रु १०० का दरले लिदै आएको छ । व्यक्तिगत घटना दर्ता ६ वटै वडा कार्यालयहरू मार्फत हुँदै आएको छ ।

**संभावनाः**

व्यक्तिगत घटना दर्ता गर्दा ३५ दिन भित्र निशुल्क गर्नुपर्ने प्रावधान रहेको र सबै वडाहरूमा सेवा सहित अन्य राजश्व संकलन गर्दा यस शिर्षकबाट ठुलो परिमाणमा राजश्व संकलन हुने देखिंदैन । ३५ दिन पश्चात रु ५० मात्र जरीवाना स्वरुप राजश्व लिन पाउने भएकोले करीब १००० घटना दर्ता हुने अनुमान गर्दा रु ५०,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः** घटना दर्ता प्रक्रियामा सुधार ल्याउनकालागि निम्नानुसार कार्य गर्नु पर्ने देखिन्छ ।

- मोबाइल एप्स निर्माण गरी एप्स मार्फत पनि दर्ता गर्न सकिने व्यवस्था मिलाउने
- घटना दर्ता शुल्क ३५ दिन कटेपछि जरीवाना स्वरुप रु ५० मात्र लिने

**ग) नक्सा पास दस्तुर :**

**हालको अवस्थाः** गाउँपालिकाको योजना शाखाबाट नक्सा पासको दर निर्धारण गरी आर्थिक प्रशासन शाखालाई दिने र आर्थिक प्रशासन शाखाले नक्शा पासको दस्तुर लिने गरिएको छ । नक्सापास दस्तुरलाई गाउँ सभाबाट पास गरिसकेको भएता पनि आर्थिक ऐनमा उल्लेख गरिएको छैन । चालु आ.व.को माघ मसान्तसम्ममा यस शिर्षकबाट रु १,२१,४३९ संकलन भएको छ ।

**सम्भावनाः** यस गाउँपालिकामा बजारीकरण संगै पक्की घरहरूको निर्माण हुने क्रम बढेको छ । यस पालिकामा औसत १००० वर्ग फिट का घर बन्ने र प्रति वर्ग फिट रु ५ को दरले एउटा घरले जम्मा रु. ५००० नक्सापास तथा अन्य विभिन्न सिफारिश दस्तुर सहित जम्मा नक्सापास रु. ५५०० संकलन हुने देखिन्छ । आगामी आ.व.मा करिब ५० वटा नयाँ घरहरु निर्माण हुने र पुराना २० वटा दायरामा आउने अनुमान सहित जम्मा रु. ७० घरवटा घरबाट रु. ३८५,००० संकलन हुने देखिन्छ । त्यसैगरि नक्सापास पुर्व बनेका घरहरुलाई अभिलेखिकरण गरेबापत आगामी आ.व.मा जम्मा रु. १,००,००० संकलन हुने अनुमान गरि यस शिर्षकमा जम्मा रु. ४,८५,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सा पास दस्तुर आर्थिक ऐनमा उल्लेख गरी राजश्व संकलन गर्ने ।
- नक्सा पास नगरी निर्माण भएका घरहरूको अभिलेखिकरणकालागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- भुकम्पको लाभग्राही सुचीमा परेका घरहरूलाई पक्की घर मानेर आर्थिक ऐनमा छुट्टै दस्तुर कायम गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्ने ।

**घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, माटो, तथा स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । यही व्यवस्था अनुसार गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरी ढुङ्गा, गिट्टी, वालुवाको ठेक्का दिनकालागि बोलपत्र आव्हान गरेको छ । त्यसरी नै घ वर्गको निर्माण इजाजत पत्र, बाट यस गाउँपालिकाले दस्तुर लिंदै आएको छ ।

**सम्भावना :** गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव ५० जति व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक आदि सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. ५,००० लिइएको खण्डमा प्रति वर्ष रु. २,५०,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतिकालागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।

- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नु पूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्थाः** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरि आएको छ । सिफारिस तथा प्रमाणित दस्तुर गाउँकार्यपालिका तथा वडा कार्यालयहरूबाट संकलन गरिआएको छ । वडाबाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरबाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको आर्थिक प्रशासन शाखामा मासिक रुपमा जम्मा गर्ने गरिएको छ । यसबाट गत आर्थिक वर्षमा रु १ लाख संकलन भएको थियो भने चालु आ.व.को माघ मसान्तसम्ममा रु १,०७,३४० संकलन भएको छ ।

**सम्भावनाः** आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५० देखि रु ४,००० सम्म निर्धारण गरेको छ । धेरै राजश्व संकलन हुने शिर्षकहरूबाट औषत रु १०० र करदाताको संख्या ३,००० अनुमान गर्दा रु ३,००,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गिकरण गरि दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।

**च) मुल्याङ्कन सेवा दस्तुर**

**हालको अवस्थाः** यस शिर्षकमा बैंकबाट ऋण लिने प्रयोजन तथा बैदेशिक अध्ययनकालागि घरजग्गाको मुल्यांकन गरी सम्पत्ति हैसियत प्रमाणित गर्नुपर्ने बाध्यता भएकाहरूसंग राजश्व संकलन गरिँदै आएको छ । सम्पत्ति मुल्यांकन दस्तुरको दर रु १००० देखि रु ४,००० सम्म निर्धारण गरिएको छ । गत आ.व.यस शिर्षकबाट रु ३ लाख संकलन भएको थियो । चालु आ.व.को माघ मसान्तसम्म रु २६,३३८ संकलन भएको छ ।

**सम्भावनाः** यस शिर्षक अन्तर्गत निर्धारण गरिएको करको दरलाई औषत रु २,००० कायम गरी सेवाग्राही संख्या १०० अनुमान गर्दा यस शिर्षकबाट रु २,००,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- आर्थिक ऐनमा मुल्यांकन सेवा शुल्कको दरलाई सम्पत्ति करसंग तालमेल मिलाउने
- सम्पत्ति करको लागि निर्धारण गरिएको दर संग सामन्ज्यसता कायम गर्ने ।

**छ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय**

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनपश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिकी हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएकाले आगामी आ.व.मा जम्मा रु. २ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना गाउँपालिकाले स्विकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

# परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि गाउँपालिका उपाध्यक्षको फुलमाया गुरुङ्गको संयोजकत्वमा देहाय बमोजिमको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका ५: राजस्व परामर्श समिति**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री इश्वरी उप्रेती | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २ | श्री अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री मुक्त बहादुर श्रेष्ठ | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| ४ | श्री साबित्रा बराम | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री बालकृष्ण पाण्डे | उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री पवन कुमार पाठक | सहायक लेखापाल | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दरहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरेको थियो ।

पुनर्संरचित गाउँपालिकाको संवैधानिक ब्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दर प्रस्ताव गरि गाउँसभाले सो दर स्वीकृत गरेको छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । यसका अतिरिक्त गाउँपालिकाले राजस्व परिचालन सम्बन्धी कुनै नीति तर्जुमा गरेको पाईदैन । गाउँ सभाद्वारा आ.व.२०७५।०७६ कालागि आन्तरिक आय तर्फ जम्मा रु.१८ लाख संकलन हुने अनुमान गरेको छ ।

**गाउँ सभाले आ.व.२०७५।७६ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :**

- गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाका क्षेत्रहरूमा पर्यटकिय पुर्वाधारहरू निर्माण गरिनेछ ।
- गोसाईकुण्ड जाने पैदल मार्ग मध्ये मुख्य मार्गको रुपमा यस गाउँपालिका क्षेत्रको मार्ग कायम गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका संभावित समुदायहरूमा होमस्टे संचालनमा ल्याईनेछ ।
- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीहरूको ब्यवसायीकरणमा जोड दिईनेछ ।

- व्यक्तिगत घटना दर्ता प्रणाली लाई कम्प्युटराईज्ड प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धती संचालनमा ल्याईने छ ।
- गाउँपालिकाका कार्यहरूलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरी नागरीकलाई सुशासन को अनुभुति दिलाउने गरी कार्य संचालन गराईने छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको विगत बर्षको आय परिचालनको अवस्था तलको तालिकामा दिईएको छ । गाउँपालिकाको आन्तरिक आय गत वर्षको भन्दा दोब्बर प्रस्ताव गरिएको छ । गत आ.व. को यथार्थ आय तथा चालु आ.व.को विविध शिर्षकहरूको प्रस्तावित आय देहायको तालिकामा दिइएको छ ।

**तालिका ६: गाउपालिकाको आय संकलनको अवस्था** *(रु '000)*

| सि.न. | आय शीर्षक | यथार्थ | प्रस्तावित |
|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ |
| १ | **आन्तरिक स्रोत** | ९०० | १८०० |
| १.१ | **स्थानीय कर** | ५०० | ७०० |
| | घर जग्गा बहाल कर | | १०० |
| | विज्ञापन कर होडिङ्ग वोर्ड | ० | १०० |
| | मालपोत संकलन | ५०० | ५०० |
| २ | **गैर कर राजश्व** | ४०० | ११०० |
| | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०० | ३०० |
| | दस्तुर(स्थानीय तहबाट हुने सिफारिस लगायतमा ) | ३०० | ८०० |
| ३ | **राजश्व बाँडफाँड** | १४०० | ५८९२६ |
| | जलस्रोत रोयल्टी | १२०० | १२०० |
| | घर जग्गा रजिष्ट्रेशन दस्तुर | २०० | ५०० |
| | सवारी साधन कर | | ७९२२ |
| | अन्य बाँडफाँडबाट प्राप्त राजश्व | | ४९३०४ |
| | **कुल जम्मा क** | २,३००.०० | ६०,७२६.०० |
| ४ | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | २११,६६७.०० | २१६५५५ |
| ४.१ | **संघिय सरकारबाट प्राप्त अनुदान** | २११,६६७.०० | १७४४०० |
| | **शर्शत अनुदान** | ७९,२८४.०० | १०६७०० |
| | **वित्तिय समानीकरण अनुदान** | १३२,३८३.०० | ६७७०० |
| ४.२ | **प्रदेश सरकारबाट** | ० | ४२१५५ |
| | **शर्शत अनुदान** | | ३४४५२ |
| | **वित्तिय समानीकरण अनुदान** | | ७७०३ |
| | **कुल जम्मा ख** | २११,६६७.०० | २१६,५५५.०० |
| | **कुल जम्मा क र ख** | २१३,९६७.०० | २७७,२८१.०० |

## ४.३ गाउँपालिकाको आन्तरिक आयमा योगदान

गाउँपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख स्रोतहरूमा क्रमशः मालपोत कर, सिफारिश तथा दस्तुर र व्यवसाय रजिष्ट्रेशन दस्तुर रहेको छ । गाउँपालिकाको कुल आन्तरिक आयमा सबैभन्दा बढी स्थानीय करको योगदान ५५ प्रतिशत भन्दा बढी रहेको छ भने दोस्रो तथा तेस्रोमा क्रमशः दस्तुर र सेवा शुल्क रहेको छ । तलको तालिकामा गाउँपालिकाको आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कुल आन्तरिक आयमा योगदान देखाइएको छ ।

**तालिका ७: गाउपालिकाको आन्तरिक आयमा योगदान** *(रु '०००)*

| आन्तरिक आय स्रोत | २०७४/७५ (यथार्थ) | प्रतिशत | २०७५/७६ (प्रस्तावित) | प्रतिशत |
|---|---|---|---|---|
| स्थानीय कर | ५०० | ५५.५६ | ७०० | ३८.८९ |
| दस्तुर | १०० | ११.११ | ३०० | १६.६७ |
| सिफारिस | ३०० | ३३.३३ | ८०० | ४४.४४ |
| **जम्मा आन्तरिक आय** | ९०० | १००.०० | १८०० | १००.०० |

## ४.१ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन संरचनामा गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व उपशाखा गठन गर्ने प्रावधान रहेतापनि यस गाउँपालिकामा राजश्व शाखा गठन गरिएको छैन । राजश्व उपशाखा गठन नभएकोले वडा कार्यालयहरूबाट वडा सचिव र गाउँपालिकामा ना.सु.तथा लेखापालमार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिँदै आएको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छ :

- राजस्व उपशाखा (ना.सु. १ र खरिदार २ गरी जम्मा ३ जना कर्मचारीको दरबन्दी सहीत) को संरचना स्वीकृत गरिएता पनि आर्थिक प्रशासन शाखा अन्तर्गत् राजस्व संकलन ईकाईको रुपमा रहेको ।
- राजस्व प्रशासनको लागि कम्प्युटर तथा सफ्ट्वेयरको प्रयोग हाल सम्म नभएको र हाते रसिद नै प्रयोग मा ल्याईएको छ ।
- वडा सचिव मार्फत वडामानै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको।
- शाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको ।
- राजस्व संकलनका लागि लेखापाल, सहायक लेखापाल तथा वडा सचिवहरूलाई जिम्मा दिइएको छ ।
- वडाहरूबाट मालमोत, विविध शुल्क तथा दस्तुर संकलन हुँदै आएको र घ वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू गाउँपालिका कार्यालयबाट संकलन हुने गरेको
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।
- मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरि शिर्षकगत रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाईने गरेको ।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शिर्षकहरू चयनमा अस्पष्टता रहेको । एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शिर्षकमा प्रविष्टी हुने गरेको ।

## ४.५. राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई सम्बोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकामा राजश्व इकाईको गठन गरी कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा

परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संशाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूबाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

**ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शिर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

**ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाउँपालिकाले हालको कानूनी व्यवस्था अनुसार राजस्व संकलनकालागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

**घ. तथ्याङ्कमा आधारित अभिलेख**

आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिलाई सक्रिय बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा समिति र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाईएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्श दातृ निकायको सहजीकरणमा सम्पनन उक्त कार्यशालामा नगर प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागीता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समुहमा वसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गरिएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत रुपमा निम्न तिन क्षेत्रमा विभाजन गरिएको छ :

क. राजस्व प्रशासनमा सुधार

ख. कर राजस्व सुधार योजना

ग. गैरकर राजस्व सुधार योजना

### क. राजस्व प्रशासन सुधार योजना

**तालिका ८: राजस्व सूधार कार्ययोजना**

| क.स. | | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | कर राजश्वको शिर्षक | | | |
| १.१ | भूमि कर( मालपोत कर) | - जग्गाको महत्वको आधारमा वर्गीकरण गर्ने<br>- जग्गाको वर्गीकरणको आधारमा दर निर्धारण गर्ने | २०७६ जेठ मसान्त सम्म | राजश्व प्रसासन शाखा, कार्यपालिका तथा गाउँसभा |
| १.२ | सम्पत्ति कर | - सम्पत्ति कर तयारी समिति( कार्य दल) गठन गर्ने | २०७५ चैत्र १५ सम्म | कार्यपालिका |
| | | - सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने | २०७६ बैशाख १५ सम्म | प्रमुख प्रशासकिय अधिकृत तथा कार्यपालिका |
| | | - टोलस्तरमा सम्पत्ति कर सम्बन्धी जानकारी गराउने | २०७६ बैशाख मसान्त सम्म | वडा कार्यालय तथा राजश्व शाखा |
| | | - सम्पत्ति करको दर निर्धारण गरी राजश्व शाखामा भौतिक सुविधा र सफ्टवयरको व्यवस्था गर्ने | २०७६ जेठ मसान्त सम्म | प्र.प्र.अ. तथा राजश्व शाखा |
| | | सम्पत्ति कर संकलन गर्ने | २०७६ श्रावण १ देखि | राजश्व प्रशासन शाखा तथा वडा कार्यालय |

| क.स. | | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| **१.३** | घर जग्गा बहाल कर | घर जग्गा बहाल कर सम्बन्धी अभियान शुरु गर्ने | २०७६ श्रावण १ देखि | राजश्व प्रशासन समिति र गाउँसभा |
| **१.४** | व्यवसाय कर | सबै प्रकारका व्यवसायीहरूलाई अनिवार्य रुपमा व्यवसाय दर्ता गराई करको दायरामा ल्याउने | २०७६ आषाढ मसान्त | राजश्व परामर्श समिति तथा गाउँसभा |
| **१.५** | कवाडि सामान कर | स्थानीयस्तरको कवाडि सामानको पहिचान गर्ने | २०७६ आषाढ मसान्त | राजस्व परामर्श समिति, गाउँसभा, वडा कार्यालय |
| | | संकलित कवाडि सामानको आधारमा करको दर निर्धारण गर्ने | २०७६ श्रावण १ देखि | राजस्व परामर्श समिति, गाउँसभा, वडा कार्यालय |
| **२** | **गैह्र कर राजश्वका शिर्षकहरू** | | | |
| २.१ | प्राकृतिक स्रोत बिक्री तथा निकासी | पूर्व वातावरणीय परिक्षण गरी टेण्डर प्रक्रियामा जानुपर्ने तथा अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउनु पर्ने कर्मचारी व्यवस्थापन सहज बनाउनु पर्ने | २०७६ असोज मसान्त | प्रशासन शाखा |
| २.२ | नक्सा पास दस्तुर | कार्यविधि पास गरी निर्माणाधिन र निर्माणाधिन भइसकेका घरहरूलाई करको दायरा भित्र पार्ने | २०७६ आषाढ मसान्त | प्राविधिक शाखा तथा गा.पा. कार्यालय |
| २.३ | व्यक्तिगत घटना दर्ता शुल्क | घटना दर्ताको लागि गाउँघर अभियान कार्यक्रम सञ्चालन गर्ने<br>घटना दर्ता सम्बन्धमा सञ्चार माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने | २०७६ बैशाख मसान्त | ६ वटै कार्यालयहरू |
| २.४ | बहाल विटौरी शुल्क | वडा नं ३ को खरानीटारमा रहेको स्थानमा सम्भाव्यता अध्ययन गरी सञ्चालनमा ल्याउन सकिने | २०७६ असोज मसान्त | राजश्व परामर्श समिति र गाउँपालिका कार्यालय |
| २.५ | पार्किङ्ग शुल्क | यस गाउँपालिकाको बजार क्षेत्रमा बसपार्क तथा पार्किङ्ग क्षेत्र निर्माण गरी शुल्क अभिवृद्धिको संभावना अध्ययन गर्ने | २०७७ माघ मसान्त | राजश्व शाखा तथा गाउँ सभा |
| २.६ | फोहरमैला व्यवस्थापन शुल्क | आगामी वर्ष ट्रयाक्टर खरिद गरी फोहर संकलन कार्य शुरु गर्ने<br>उपयुक्त ठाउँ हेरी फोहर व्यवस्थापन गर्ने | २०७६ असोज मसान्तसम्म | गाउँकार्यपालिका |
| २.७ | स्वास्थ्य संस्था संञ्चालन शुल्क | खरानीटार अस्पताल सञ्चालनमा आइसकेको र आवश्यक पूर्वाधार वृद्धि गरी नर्सिङ्ग कलेज सम्म सञ्चालन गर्ने | खरानीटार अस्पताल २०७५ चैत्र मसान्त नसिङ्ग कलेज २०७७ चैत्र | गाउँसभा तथा गाउँकार्यपालिका |

| क.स. | | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | मसान्त | |
| २.८ | पौडि पोखरी तथा पार्किङ्ग शुल्क | यस गाउँपालिकाको क्षेत्रमा रहेको तादी खोलामा बाँध बाँधेर पौडि पोखरी सञ्चालन गर्न तथा पार्कहरू निर्माण गरी आन्तरिक पर्यटन अभिवृद्धि गर्ने नीति नियम बनाउने | २०७७ आषाढ मसान्त | गाउँसभा तथा गाउँकार्यपालिका |
| २.९ | पर्यटन क्षेत्र | वडा नं मा अवस्थित बाघमारा क्षेत्रलाई आन्तरिक तथा वाह्य पर्यटन अभिवृद्धि गर्न नीति नियम बनाउने | २०७७ बैशाख मसान्त | गाउँसभा तथा गाउँकार्यपालिका |
| **३** | **राजश्व प्रसाशन** | | | |
| **३.१** | नीतिगत तथा कानुनी व्यवस्थापन | घर बहाल कर कार्यविधि तयार पार्ने आर्थिक ऐनलाई समयानुकुल परिमार्जन गर्ने | २०७६ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| | | व्यवसाय दर्ता अनुमति कार्यविधि निर्माण | २०७६ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत |
| | | राजश्व सम्बन्धी छुट्टै नीति तयार पार्ने जसमा अनुगमन तथा चुहावट तालिम गोष्ठी दण्ड सजाय र उत्कृष्ट करदातालाई पुरस्कारको व्यवस्था गरी राजश्व तिर्न प्रेरित गर्ने | २०७६ असार मसान्त सम्म | कार्यपालिका तथा गाउँपालिका |
| **३.२** | संगठानात्मक व्यवस्था | - राजश्व उपशाखाको गठन गर्ने | २०७६ असार मसान्त सम्म | कार्यपालिका बैठक |
| | | - ना.सु.को नेतृत्वमा कर्मचारी व्यवस्था गर्ने | २०७६ असार मसान्त सम्म | कार्यपालिका बैठक |
| | | - कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्ने | २०७६ असार मसान्त सम्म | प्रशासन तथा लेखा |
| | | - कर व्यवस्थापन सम्बन्धी छड्के अनुगमन। कर भौचरको व्यवस्थापन तथा बैंक दाखिला सम्बन्धी रिपोर्ट प्रत्येक महिनाको मसान्तभित्र गर्ने | २०७६ असार मसान्त सम्म | प्रमुख प्रशासकिय अधिकृत र राजश्व परामर्श समिति |
| **३.३** | करदाता शिक्षा कार्यक्रम | वडास्तरीय अभिमुखीकरण तालिम | प्रत्येक ६/६ महिनामा | वडा कार्यालयहरू |
| | | स्थानीय रेडियो, एफ.एम, पत्रपत्रिकामार्फत जानकारी | हप्ताको एक पटक | सुचना प्राविधिक शाखा |
| | | गाउँपालिकाको वेवसाइट, एप्स तथा सामाजिक सञ्जाल तथा वडापत्रबाट जानकारी | २०७६ असार मसान्त भित्र | गाउँपालिका कार्यालय |
| | | राजश्व परामर्श समितिलाई क्रियाशिल बनाउने | प्रत्येक ३/३ महिनामा | कार्यपालिका |
